संघीय संसद

**राष्ट्रिय सभा**

**छैटौं अधिवेशन अवधिमा सभाबाट**

**सम्पादन गरिएका मुख्य-मुख्य काम कारवाहीको संक्षिप्त विवरण**

संघीय संसद, राष्ट्रिय सभाको छैटौं अधिवेशनको पहिलो बैठक मिति २०७७ साल बैशाख २६ गते शुक्रबार अपरान्ह ४:०० बजे प्रारम्भ भई २०७७ साल असार १८ गते बिहीवारसम्म जम्मा ३१ दिन चालु रह्यो । ५६ दिनको यस अवधिमा बैठक बसेका ३१ दिनहरुमा ३५ वटा बैठक बसी ६० घण्टा ५० मिनेट सभाको काममा व्यतीत भयो ।

सभाले यस अधिवेशन अवधिमा देहाय बमोजिमका **१३ वटा** विधेयकहरु पारित गरेको छ :-

- **यस अधिवेशन अवधिमा सभाले पारित गरेका विधेयकहरु :-**

१. राष्ट्रिय खेलकुद विधेयक, २०७५

२. नेपाल विशेष सेवा विधेयक, २०७६

३. नीति अनुसन्धान प्रतिष्ठान विधेयक, २०७६

४. विरुवा संरक्षण (पहिलो संशोधन) विधेयक, २०७५

५. बीउ विजन (दोस्रो संशोधन) विधेयक, २०७५

६. नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७७

७. विनियोजन विधेयक, २०७७

८. आर्थिक विधेयक, २०७७

९. राष्ट्र ऋण उठाउने विधेयक,२०७७

१०. ऋण तथा जमानत (चौबीसौं संशोधन) विधेयक,२०७७

११. केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउन बनेको अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक, २०७७

१२. संघ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक, २०७७

१३. नागरिक लगानी कोष (दोस्रो संशोधन) विधेयक, २०७६।

- **प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त भई सभाबाट पारित गरी फिर्ता गरिएका विधेयकहरु :-**

१. नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७७

२. विनियोजन विधेयक, २०७७

३. आर्थिक विधेयक, २०७७

४. राष्ट्र ऋण उठाउने विधेयक, २०७७

५. ऋण तथा जमानत (चौबीसौं संशोधन) विधेयक, २०७७

६. केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउन बनेको अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक, २०७७

- **सभामा दर्ता भएका देहाय बमोजिमका विधेयकहरु सभामा सैद्धान्तिक छलफल गरी दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइएका छन् :-**

१. नेपाल नागरिक उड्डयन प्राधिकरण विधेयक, २०७६
२. नेपाल हवाई सेवा प्राधिकरण विधेयक, २०७६
३. अनुगमन तथा मूल्याङ्कन विधेयक, २०७६
४. तथ्याङ्क विधेयक विधेयक, २०७६
५. स्टाण्डर्ड नाप र तौल (पाँचौं संशोधन) विधेयक, २०७६
६. प्रत्यायन (एक्रिडिटेशन) विधेयक, २०७६
७. प्रतिलिपि अधिकार (पहिलो संशोधन) विधेयक, २०७६
८. रेल्वे सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक , २०७६
९. योगमाया आयुर्वेद विश्वविधालय विधेयक, २०७६
१०. अध्यागमन विधेयक , २०७६

यसै अधिवेशन अवधिमा माननीय परराष्ट्र मन्त्री प्रदीपकुमार ज्ञवालीले दुई पटक र गृहमन्त्री रामबहादुर थापाले एक पटक समसामयिक विषयमा सभामा वक्तव्य दिनुभएको थियो ।

त्यसैगरी सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीले आर्थिक वर्ष २०७७/७८ को लागि नेपाल सरकारको नीति तथा कार्यक्रम माथिको छलफलमा उठेका विषयहरुको सम्बन्धमा जवाफ दिनुभएको थियो ।

यसै अधिवेशन अवधिमा राष्ट्रिय सुरक्षा परिषद्को वार्षिक प्रतिवेदन २०७५/७६ र महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन २०७५/७६ सभा समक्ष पेश गरिएका थिए ।

त्यसैगरी यसै अधिवेशन अवधिमा प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिले "राष्ट्रिय महत्वका दस्तावेज अभिलेख व्यवस्थापन सम्बन्धी प्रतिवेदन, २०७७" सभा समक्ष पेश गरेको थियो ।

यसै अधिवेशन अवधिमा संविधान सभा एवम् प्रतिनिधि सभाका सदस्य ज्ञानकुमारी छन्त्याल, संविधानसभाका सदस्य प्रा. डा. विश्वनाथ प्रसाद अग्रवाल, शिवनारायण उराव र मेघराज निषाध सहनी र प्रतिनिधि सभाका पूर्व सदस्य दुर्योधन सिंह चौधरीको निधन भएकोमा शोक प्रस्तावहरु पारित गरिएका थिए।

धन्यवाद ।

**२०७७ असार १८ गते**